

# The Story of God
## A Gospel Narrative

Michael Gunn



©2021 Michael Gunn and The Antioch Initiative

## एउटा सुसमाचारको कथा

## परमेश्वरको कथा के हो त ?

सबैसँग एउटा कथा हुन्छ, र मेरो विचारमा हाम्रो जीवनमा अर्थ दिने र अर्थ दिनलाई प्रयास गर्ने कथाहरुमा हरेकले विश्वास गर्दछन् । मानवको रुपमा, हामी जिज्ञासु छौँ, र हामी हाम्रो अस्तित्वको लागि जवाफ चाहन्छौँ । यिनीहरुलाई प्राय:जसो गरेर "साँस्कृतिक मिथकहरु" अथवा "सह-कथनहरु" को रुपमा लिइन्छ, जो भव्य कथाहरु हुन्, जसले "हामी यहाँ कसरी आइपुग्यौँ, हामी यहाँ किन छौँ ? यो संसारमा के समस्याहरु छन्, र ती समस्याहरुको समाधानहरु के के हुन् ? यदि उद्देश्य बिलकुल रुपमा अस्तित्वमा छ भने, यस संसारमा हाम्रो उद्देश्यचाहिँ के हो त ?" जस्ता प्रश्नहरुको उत्तर दिने काम गर्दछन् । हामी एक रुपले मानवको अवस्थालाई सुधार गर्ने तरिकाहरु खोज्दै खुशी र आराम चाहन्छौँ, किनभने त्यहाँ गहिरो गरी केही गल्ती कुरा भएको छ र यो संसार टुटेको देखिन्छ । चाहे हाम्रो कथामा पाप वा दुष्क्रिया जस्ता शब्दहरु समावेश हुन्, यो संसार एकदम ठीक छैन भन्ने हामीलाई थाहा छ । यी गहन प्रश्नहरुको जवाफ दिने धेरै प्रयासहरु भएका छन् । धेरै धर्म, दर्शन्, राजनैतिक मञ्च र विश्व दृष्टिकोणहरुले यसमा आफ्नो अडान लिएका छन्; यसको लागि केहीले राम्रोसँग ठूलै योगदान गरेका छन्, अनि कतिपयले चाहिँ थप मृत्यु र हृदयघात ल्याएका पनि छन् । यस बारेमा बहस चलिरहँदा, मानवताका लागि कोसँग वा के उत्तम जवाफ छन् भन्ने सम्बन्धमा २१औं शताब्दीमा हाम्रो सन्दर्भमा, र बाइबलमा पाइएको परमेश्वरको कथा तपाईंलाई दिने यो कथा हाम्रो एउटा प्रयास हो । हामी उहाँको कथामा विश्वास गर्छौं, हाम्रो कथाहरुलाई प्रतिच्छेदन गर्छौं र जवाफहरु दिन्छौं, र तिनीहरुलाई हामीले कल्पना गर्न नसक्ने तरिकाले एकताबद्ध गर्छौं । हामी यो विश्वास गर्छौं:

हामी विश्वास गर्छौं कि "आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो" र यो सृष्टि उहाँको "राम्रो प्रसन्नता" को लागि उहाँको त्रिएक (पिता, पुत्र र पवित्र आत्मा) को महिमाको कलात्मक अभिव्यक्ति थियो (उत्पत्ति १:१-२; कलस्सी १:१५-१७; एफिसी १:३-१४) । परमेश्वरले बोल्नुभएका र उहाँको आज्ञाद्वारा आदेश दिइएका सबै कुराहरु अस्तित्वमा आए (उत्पत्ति १:३-३१; यशैया ५५:११) । परमेश्वरले अक्षरश: रुपमा अवास्तविक (अस्तित्वमा नभएको कुरा) बाट वास्तविक कुरालाई सृष्टि गर्नुभयो, र अव्यवस्थित कुराबाट नै व्यवस्थित हुनलाई आदेश दिनुभयो, जसलाई हामी विश्वास गर्छौं कि उहाँले अझै पनि सबै कुराहरुमा उहाँको वचनद्वारा काम गर्नुहुन्छ । यो सृष्टिको समय यस तथ्यसँग अप्रासंगिक छ कि हामीले देखेका सबै कुरा उहाँको वचनद्वारा सहज रुपमा (कुनै कुराबाट नभएर) सृष्टि गरिएको थियो, र त्यो "उहाँद्वारा र उहाँको लागि...र उहाँमा सबै कुराहरु एकसाथ रहनका लागि....बाँधिएर रहेका छन्" (कलस्सी १:१७), र "उहाँमा हामी बाँच्दछौँ, चल्दछौँ, र उहाँमा नै हाम्रो अस्तित्व छ" (प्रेरित १७:२८) । परमेश्वरले सृष्टि गर्नुभएको "अति असल" मानवता बाहेक सबै कुरा "असल" थियो (उत्पत्ति १:३-३१) । परमेश्वरले सृष्टि गर्नु भएको कुनै पनि कुरा जन्मजात रुपमा दुष्ट थिएन, र उहाँले सृष्टि गर्नु भएको सबै थोक "उहाँको महिमा" (यशैया ४३:७) र "उहाँको इच्छाको प्रसन्नता" (एफिसी १:५,६, ११, १२,१४) को लागि गर्नुभयो ! उहाँलाई कुनै पनि कुराको आवश्यक्ता पर्दैन, न त कुनै कुराको निम्ति उहाँ ऋणी नै हुनुहुन्छ । परमेश्वर सबै आकस्मिक पदार्थ/जीवहरुको सृष्टिकर्ता हुनुभएको हुनाले, हामी विश्वास गर्छौं कि परमेश्वर "अति आवश्यक प्राणी" वा "अकारण कारण" हुनुहुन्छ र समय र स्थान वा कारणसहितको तर्क जस्ता मानवीय सीमाहरुद्वारा उहाँ बाँधिनुभएको छैन, उहाँ एक अनन्त परमेश्वर हुनुहुन्छ जो परावर्ती (आफ्नो सृष्टिबाट अलग) र व्यक्तिगत (आफ्नो सृष्टिसँग प्राविधिक र सार्वभौमिक रुपमा संलग्न) दुवै हुनुहुन्छ । परमेश्वर (पिता, पुत्र र पवित्र आत्मा) मा भएका सबै व्यक्तिहरु अलग-अलग व्यक्तिहरु हुन्, तर पनि सारमा एकताबद्ध छन् । यद्यपि त्यहाँ ईश्वरत्वभित्र स्पष्ट रुपमा अधीनता छ, त्यहाँ स्पष्ट रुपमा एकता छ (१ कोरिन्थी ११:१-३;

हिब्रू ५:८; यूहन्ना ५:१९); र सबै तीन व्यक्तिहरु सृष्टि र मुक्ति सहित परमेश्वरका “कामहरु” मा संलग्न छन् (उत्पत्ति १:१-२; एफिसी १:३-१४) ।

पिता वास्तुकार हुनुहुन्छ, पुत्र कार्यान्वयनकर्ता हुनुहुन्छ र पवित्र आत्मा त्यो शक्ति र उपस्थिति हुनुहुन्छ जसले योजनाको सफलतालाई उहाँको आफ्नै महिमा, र उहाँको सृष्टिको अन्तिम आनन्दलाई सुनिश्चित गर्नुहुन्छ । परमेश्वर सम्बन्धि यो बुझाई सबै बाइबलीय समुदायको लागि (यसका सबै रुपहरुमा) आधार हो र परमेश्वरले सम्पूर्ण मानवको डिएनए मा समुदायको आवश्यक्तालाई निर्माण गर्नु भएको छ, र परमेश्वरले सृष्टि गर्नुभएको संरचनाहरु (मानव परिवार, भौतिक परिवार, आत्मिक परिवार)), विविधताको बीचमा गहिरो एकताको परिणामस्वरुप हामी सबै परिवारमा परमेश्वरको ईश्वरत्वको अनुकरण गर्न चाहन्छौं भनी हामी विश्वास गर्दछौं (एफिसी २:८-३:१०; ४:११-१६; फिलिप्पी १:५,७,२७; २:२; ४:१-२) ।

हामी विश्वास गर्छौं कि “परमेश्वरले मानिसलाई (मानव जातिलाई) उहाँको आफ्नै स्वरुपमा, परमेश्वरकै स्वरुपमा सृष्टि गर्नुभयो, नर र नारी नै गरि उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो, र मानिसले “फलदायी हुँदै र वृद्धि हुँदै, र पृथ्वीमा भरिदै (दुष्टताबाट जोगाउन)” र “यसलाई गोडगाड गर्नुपर्ने र हेरविचार गर्नुपर्ने थियो” (उत्पत्ति १:२६-३१;२:१५) । मानिसको सृष्टि गर्नुको उद्देश्य भनेको परमेश्वरको महिमाको खेति गर्नु थियो र परमेश्वरको प्रशंसा “गुणनात्मक” रुपमा उत्पन्न गर्नु थियो (उत्पत्ति २:५,१५) । मानिस जातिलाई परमेश्वरको महिमा सन्तुष्ट पार्न र हृदयको सन्तुष्टी अनुसार जीवन जिउनका लागि बनाइएको थियो ।

परमेश्वरले मानव जातिलाई एउटा संस्कृतिको रुपमा जिउन र फैलिदै जानका लागि चाहिने सबै कुरा दिनुभयो (दृष्टि, तर्कसंगत मन, सिर्जनशीलता, खाना, पानी, सुन्दरता, आदि) । मानिस परमेश्वरको स्वरुपमा सृष्टि गरिएको थियो (दुबै नर र नारी), जसले त्रिएक परमेश्वरको विशेषतालाई चित्रण गरेका थिए, उस्तै उस्तै तर भिन्नै खालका, एकतामा थिए तर फरक थिए । त्यसैकारण यस एकताको कुनै पनि विकृति भनेको सृष्टिको उद्देश्य र परमेश्वरले चाहनुभएको स्पष्ट भिन्नताको अपमान हो, किनभने अनेकतामा भएको एकताले यस संसारमा उहाँको स्वरुपलाई उत्कृष्ट रुपमा चित्रण गर्दछ । यो भनेको “यसैकारण मानिसले आफ्ना आमा-बुबालाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरु एउटै शरीर हुन्छन्” (उत्पत्ति २:२३-२५) । यस भिन्नताको सृष्टिले सृष्टिको “अन्यता” लाई पनि चित्रण गर्दछ जुन प्रेम र करुणा देखाउने, र सम्बन्धलाई परावर्तन गर्ने एउटा निर्माण हो जसले त्रिएक परमेश्वरले पूर्णरुपमा एकअर्कासँग साझा गर्नु भएको सम्बन्धको ऐना देखाइदिन्छ । विभिन्नता बिना त्यहाँ कुनै पनि साँचो प्रेम र करुणा हुँदैन । धेरैले यो विविधतालाई खराबी, र युद्धको जग र कलह (राष्ट्र, लिङ्ग, जाति, आदि)को रुपमा हेरिरहेको बेला हामी यसलाई परमेश्वरको इच्छाको सिर्जित प्रदर्शन, उहाँको विविध कलात्मकताको रुपमा हेर्दछौं, र यो सारा सृष्टिसँगै असल कुरा पनि हो ।

हामी यो पनि विश्वास गर्छौं कि परमेश्वरले स्त्रीलाई आफ्नो पतिको साथमा रहेर आदमलाई जिम्मा दिइएको “खेती गर्ने काम”मा सहायता गर्नका लागि सृष्टि गरिएको थियो; यो परमेश्वरलाई महिमा हुने खालको संस्कृति थियो, र जब तिनीहरु सारमा पूर्ण रुपले समान हुन्छन्, त्यसबेला तिनीहरुले समान रुपमा त्रिएक परमेश्वरलाई प्रतिबिम्बित गर्दछन्, तर पनि तिनीहरु फरक छन् र एक विनम्रता र भूमिका भिन्नतालाई प्रदर्शन गर्दछन् जसले महिमापूर्ण तरिकाले परमेश्वरको आज्ञा पूरा गर्ने कार्य गर्दछन् (उत्पत्ति २:१-१५; १ तिमोथी ३:१३-१४; १ कोरिन्थी ११:१-१३; एफिसी ५:२२-३१) ।

हामी विश्वास गर्छौं कि मानव समुदायमा पापको प्रवेश हुनुभन्दा अगाडि परमेश्वरसँग (ईश्वरशास्त्र), र एकअर्कासँग (समाजशास्त्र) साथै तिनीहरु आफैंसँग पनि (मनोविज्ञान), र उनीहरुको वातावरण (परिस्थिति विज्ञान) सँग मानिसको पूर्ण शान्ति (शालोम) थियो, जसले तिनीहरुलाई उहाँमा सिद्ध हुन, आनन्दित हुन र पूर्ण रुपमा

तिनीहरुलाई जसरी उहाँको आराधना गर्न सृष्टि गरिएको थियो त्यसरी नै पूर्ण रुपमा परमेश्वरको आराधना गर्नका लागि; "मेरो प्रशंसाको घोषणा गर्न" सक्षम बनाएको थियो । तिनीहरु सिद्ध थिए, र तिनीहरुको सृष्टिकर्ताको आराधनामा पूर्ण शालोम (शान्ति) र आनन्द थियो, र त्यसैले तिनीहरुलाई दिइएको भन्दा बढी नचाहेर तिनीहरु सन्तुष्ट र पूर्ण थिए ।

हामी विश्वास गर्छौं कि यो शालोमको बाबजुद, परमेश्वरले सृष्टि गर्नुभएका र आफैं परेश्वर बन्ने इच्छामा परमेश्वरको विरुद्धमा विद्रोह गर्ने स्वर्गदूतहरुले मानिसलाई परीक्षामा पारेका थिए; तिनीहरुको इच्छा र चाहनाले तिनीहरुलाई आफ्नै महिमाको लागि परमेश्वर भन्दा पनि माथि आफूलाई राखिदियो (हेर्नुहोस् यशैया १४) । यो परमेश्वरको सूचना वा उहाँको योजना बाहिर गरिएको थिएन, तर समयमा "मानिसले जिउँदो पानीको मूल, परमेश्वरलाई इन्कार गर्यो, र आफ्नो निम्ति पानी नै नरहने खालको फूटेका कुण्डहरु खन्यो" (यर्मिया २:१३) । उसको हृदयमा भएको यो घमण्डले यो विपत्ति निम्त्याएको थियो, र त्यसपछि आउने सम्पूर्ण मानव जातिको पतनले मानिसको हृदयलाई "अत्यन्तै दुष्ट" र आत्मिक रुपमा भित्रभित्रै मारिदिएको थियो (यर्मिया २७:९) । आदमको पापको हृदयमा मूर्तिपूजा र घमण्ड थियो जो सबै मानव जातिमा हस्तान्तरित हुन पुग्यो । यसले मानिसलाई परमेश्वरको क्रोध र न्यायको लागि पूर्ण रुपमा योग्य बनाइदियो, किनकि उसको अनाज्ञाकारितामा, उसको हृदय (उत्प्रेरणाको केन्द्र) अत्यन्तै दुष्ट बन्यो र हरेक प्रकारको दुष्ट कार्य गर्न सक्षम भयो । त्यसोभए, न्याय नै यस विद्रोहको विरुद्धमा गरिने पूर्ण न्यायको कार्य हो, र यसको लागि कुनै मानिसलाई कुनै बहान छैन (रोमी १-३) ।

त्यसपछि सम्पूर्ण मानव जाति आफ्नो लागि आफैं परमेश्वर हुने खालको जन्मजात गुण वा स्वभाव एिर जन्मेको हुन्छ र उसको जीवनमा पवित्र आत्माको पुनर्जन्म गर्ने शक्ति बाहेक परमेश्वर र उहाँको मुक्तिको निम्ति ऊ मरेको हुन्छ (उत्पत्ति ३:५-६; रोमी ५:१२) । मानिसले आफ्नो मुक्ति/लक्ष्यलाई नियन्त्रण गर्नको लागि या त परमेश्वरबाट अलग रमाइलो जीवन सृजना गरेर, या परमेश्वरको इच्छाबाट अलग धार्मिक/ पवित्र जीवन सृजना गरेर यस मृत्युलाई प्रतिबिम्बित गर्दछ (लूका १५:११-३२ हेर्नुहोस्) । कुनै पनि कुरामा, मानव जातिले परमेश्वरलाई "जिउँदो पानीको मुहान"को रुपमा इन्कार गरेको छ र तिनीहरुको आफ्नै मुक्तिको संयन्त्रहरु सिर्जना गरेको छ जसले हाम्रा परमेश्वरलाई आराधना गर्ने चाहना वा इच्छालाई कहिल्यै पूरा गरेन, र थोरै देवताहरुको लागि तिनीहरुले गरेको इन्कारले परमेश्वरको आकारको शून्यतालाई सिर्जना गर्ने प्रयास गर्न र आश्वास्त पार्न बसोबास गरेको छ (जुन मूर्तिपूजा हो) (यर्मिया २:१३; यूहन्ना ७:३७-३९) । त्यसैले हामी हाम्रा खराब कामहरुका साथै असल कामहरुको लागि समेत दोषी छौं, र हामीलाई मुक्तिदाताको नितान्त आवश्यक्ता छ (हिब्रू ६:१) । यो परमेश्वरलाई गरिएको इन्कार हो र फलस्वरुप "साना देवताहरुको आराधना हो जसले मानव जातिलाई असन्तुष्टता र अधिक चाहना छोडेको छ, जसले गर्दा सम्पूर्ण मानव जातिले नियमित रुपमा टुटेको (विघटनको) अनुभव गरेको छ (युद्ध, जातिवाद, कटुता, गैर-क्षमा, धार्मिक-कट्टरवाद, निन्दा, लोभ, सबै प्रकारको यौन दुर्व्यवहार, शोषण, आदि) ।

हामी विश्वास गर्छौं कि यस पापको परिणामले दूरगामी र विनाशकारी धर्मशास्त्रीय, सामाजिक, मनोवैज्ञानिक र पारिस्थितिक विघटन र विनाश सिर्जना गर्दछ । मानिसको शालोम (शान्ति) चकनाचुर भएको छ, र मानव जातिले यस गुफालाई आफ्नो आत्माले भर्नका लागि धेरै "तोडिएका कुण्डहरु" खोज्नका लागि निरन्तरता दिएको छ, यस पृथ्वीमा थप र अधिक विपत्तिहरु सिर्जना गर्दै हामी सृष्टि भएको कारण बाहेक अर्थ र आनन्द खोज्न निरन्तरता दिन्छौं; अनन्त परमेश्वरको आराधना । मानिसले निरन्तर रुपमा आराधना गर्छ, तर दुर्भाग्यवश ऊ धेरै सजिलैसँग खुशी हुन्छ, र "मानिसलाई ही नै देखिन्छ, तर अन्तमा विनाश आउँछ" (हितोपदेश १४:१२; १६:२५) । मानिसको समस्याको पूर्ण समाधान केवल सन्धि, मानव मनोविज्ञान, चिकित्सा, सामाजिक कार्य, परोपकार,

धन, शिक्षा, मानव संस्थाहरु, सैन्य शक्ति, धर्म वा राजनीतिक आदर्शले कहिल्यै पनि हुन सक्दैन । जेभएता पनि, मानव जातिले परमेश्वरलाई इन्कार गर्दा, तिनीहरुको आफ्नै घमण्ड र मूर्तिपूजाबाट शालोम (शान्ति) का बाटोहरु सिर्जना गर्न निरन्तरता दिन्छ, जसले कहिल्यै सन्तुष्टि दिँदैन, र अन्ततः त्यसले असन्तुष्टि र मृत्युको नेतृत्व गर्दछ ।

जेभए तापनि, परमेश्वरले आफ्नो अनुग्रहमा मानव जातिको जीवनलाई सीमित गरेर र यस विद्रोहको परिणामको रुपमा शारीरिक मृत्युको साथसाथै आत्मिक मृत्युको पनि परिचय दिएर दुष्टमाथि आक्रमण गर्न शुरु गर्नुभयो । यो अनुग्रहले धेरै विनाशकारी स्वःशासित संरचना अन्तर्गत एकताबद्ध हुने मानिसको क्षमतालाई सीमित गरिदियो (उत्पत्ति २:१७; ११:६-७) । जब मानव जातिले एकताको लागि प्रयास गर्दछ, तिनीहरु निरन्तर रुपमा विभाजित हुन्छन्, जस्तै व्यक्तिगत रुपमा र संस्थागत रुपमा घमण्ड र डरले सम्बन्धहरुलाई नष्ट पार्दछन, र युद्धहरुलाई निम्त्याउँदछन् (याकूब ४:१-३) । धेरै मानिसहरुले हाम्रो विभिन्नता वा फरकपन नै समस्या हो भनेर विश्वास गरिरहँदा सुसमाचारले हामीलाई यो हाम्रो आफ्नै पापी हृदय हो, र छुट्कारा प्राप्त विभिन्नता वा फरकपनले मात्रै प्रेम र करुणा तथा कुनै पनि वास्तविक अर्थलाई उत्पन्न गर्दछ भनी सम्झाउँछ । त्यसकारण, हामी विश्वास गर्छौं कि "मुक्ति" भनेको मानिसहरुलाई "बचाउनु" मात्र होइन, तर सृष्टिको छुट्कारा (रोमी ८:८:१९-२५), र हाम्रो शारीरिक स्वभावको छुट्कारा पनि हो । मानवीय समाधान या त चाहनाको उन्मूलन हो वा जबरजस्तीको माध्यमबाट यो विभेदको रुपमा निरन्तर रहिरहन्छ, जब कि सुसमाचारले हृदयहरुको परिवर्तन गर्दछ, र मानव तर्कको पापमय रुपमा तोडिएका विचारका ढाँचाहरुलाई परमेश्वरले चाहनुभएको जस्तो गरी उहाँको सृष्टिलाई पुनर्स्थापित गर्दै यसले पुनः आकार दिन्छ । त्यसैकारण, हामी विश्वास गर्छौं कि येशू, जो परमेश्वरका अनन्त पुत्र हुनुहुन्छ, उहाँले आफैँलाई रित्याउनुभयो र कमाराको रुप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो, स्वरुपमा मानिस जस्तै भएर (आफ्नो ईश्वरत्व नगुमाइकन) आफैँलाई होच्याउनुभयो, र मृत्युसम्मै अर्थात क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो...." परमेश्वरको इच्छालाई पूर्ण रुपले पालना गर्नका लागि, "....क्रूसको मृत्यु सम्मै" (फिलिप्पी २:७-८), जो चाहिँ संसारको उत्पत्ति हुनुभन्दा अघिबाटै नियुक्त गरिएको थियो (एफिसी १:४; हिब्रू ४:३) । येशू हाम्रो लागि सिद्ध विकल्प हुन सक्नुभयो किनकि उहाँ पनि एक मानिस नै हुनुहुन्थ्यो (त्यसैकारण उहाँले हाम्रा अपराध/पापको दण्ड भोग्नुभयो), र उहाँ परमेश्वर हुनुहुन्थ्यो (हाम्रा पापहरुको ज्याला तिरिदिनका लागि उहाँ सिद्ध हुनुहुन्थ्यो) जसले उहाँलाई हाम्रो पापको लागि पापरहित प्रायश्चित हुन सक्षम तुल्यायो, जो पवित्र र धर्मी परमेश्वरको अनन्त उपस्थितिमा प्रवेश गर्नका लागि सम्पूर्ण तवरले धर्मी हुन आवश्यक कुरा थियो । जसलाई पापै थाहा थिएन, उहाँ हाम्रो निम्ति पाप बन्नुभयो (२ कोरिन्थी ५:२१; १ पत्रुस २:२४) ।

हामी विश्वास गर्छौं कि परमेश्वरले यस ब्रम्हाण्डीय विद्रोहको लागि मानव जातिलाई सटीक न्याय गर्नुहुन्छ, तर उहाँको अनुग्रहमा उहाँले पाप र दुष्टतालाई कुल्चन, र मानव जातिलाई यस भयानक पतनबाट छुट्कारा दिनका लागि एकजना मुक्तिदाता पठाउने प्रतिज्ञा गर्नुभयो । त्यसपछि उहाँले एक दिन उहाँको आफ्नै रगतले तिनीहरुका पाप ढाकिदिनुहुनेछ भनेर प्रतीकात्मक रुपमा थुमाको बलिदान र तिनीहरुको नग्नतालाई ढाकिदिएर यो अनुग्रह प्रश्तुत गरिदिनुभयो, जुनचाहिँ परमेश्वरले स्त्रीको सन्तानद्वारा दुष्टलाई नष्ट गर्ने प्रतिज्ञा गर्नुभएको थियो (उत्पत्ति ३:१५, २१; २२:१३-१४; प्रस्थान १२:४२-५१; हिब्रू ९-१०) ।

बगैँचामा दुष्टताको प्रकृति र यस पतनमा मानिसको इच्छाको बारेमा अस्पष्ट भए पनि , हामीलाई थाहा छ कि परमेश्वर पूर्ण रुपमा सार्वभौम हुनुहुन्छ, यद्यपि उहाँ दुष्टको लेखक हुनुहुन्न । अर्कोतर्फ हामी जान्दछौं कि उहाँ *"उज्यालो बनाउने र अन्धकार सृष्टि गर्नुहुने हुनुहुन्छ । उन्नति ल्याउनुहुने र संहार सृष्टि गर्नुहुने हुनुहुन्छ"* (**यशैया ४५:७**) । परमेश्वर पूर्ण रुपमा सार्वभौम हुनु भएतापनि (अझै पनि दुष्टको लेखक नभएको), मानिसको इच्छा यस निर्णयमा अझै अनुपस्थित भएको छैन । पाप मानिसको ईच्छा र छनोट मार्फत भयो, र हाम्रो विद्रोह

र घमण्डको लागि मानवताको न्याय गर्नमा परमेश्वर निष्पक्ष रहनुहुन्छ । हामी यो पनि विश्वास गर्दछौं कि, *"एक जना मानिसद्धारा संसारमा पाप आयो, र पापबाट मृत्यु," र "सित्तैँको वरदान र त्यस अपराधमा केहि समानता छैन । किनकि एक जना मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढी परमेश्वरको अनुग्रह र एक जना मानिसको, अर्थात येशू खीष्टद्धारा आएको सित्तैँको वरदान धेरैको निम्ति प्रशस्त भयो"* (**रोमी ५:१२-१५**) । जसरी एक जना मानिस मार्फत आयो, मुक्ति पनि क्रुसमा एक मानिस (येशू) को काम मार्फत आउँदछ ।

त्यसै गरि हामी विश्वास गर्छौं कि *"प्रभु मुक्तिदाता हुनुहुन्छ,"* र जसलाई परमेश्वरले *"पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको समान बनाउनलाई"* (**रोमी ८:२९**) र *"किनभने अनुग्रहबाट विश्वासद्धारा तिमीहरुले उद्धार पाएका छौं र यो तिमीहरु आफैबाट होईन, यो त परमेश्वरको वरदान हो–कर्महरुद्धारा होईन, नत्रता मानिसले घमण्ड गर्नेछ"* (**एफिसी २:८-९**) । हाम्रो मुक्ति विशुद्ध र पूर्णतया हाम्रो प्रभुको काम हो । जब सम्म हाम्रा मृत हृदयहरु पवित्र आत्माको बचाउने शक्तिद्धारा पुनर्जीवित हुँदैनन्, तब सम्म हामीले आफ्नो लागि परमेश्वरलाई "छनोट" गर्न सक्दैनौं (**मत्ती १५:२२**) । हामी प्रायः हाम्रो लाज र डरका देवताहरुलाई शान्त पार्ने प्रयासमा धर्म र धार्मिक अनुष्ठाहरु सिर्जना गर्छौं, तर *"जब सम्म पिताले हामीलाई खिच्नुहुन्न"* र हाम्रा पापहरुको प्रायश्चित गर्दैनौं तब सम्म हामी येशूकहाँ आउन सक्दैनौं (**यूहन्ना ६:४४**) । यद्यपि यसले मानव इच्छालाई कम गर्दैन, तर यसलाई पिताको सार्वभौम इच्छा अर्न्तगत समर्पित गराउँदछ, जसलाई अझै पनि मानव जगतले सुसमाचारप्रति अनुकुल प्रतिक्रिया दिन आवश्यक छ (**रोमी १०:१३-१५, यूहन्ना १:१२-१३**), जुन आत्माको शक्तिले मानवताको मृत हृदयलाई पुनर्जीवित गर्दा अपरिहार्य हुन्छ । हामी विश्वास गर्छौं कि परमेश्वरलाई उहाँको पुत्रको काम मार्फत त्यो बोलावट गर्ने अधिकार छ, र उहाँमा अनन्त जीवन पाउनुहुनेहरु र अनन्त दण्डको लागि न्याय गरिएकाहरु मार्फत उहाँ निष्पक्ष र पूर्ण रुपमा महिमित हुनुहुन्छ । परमेश्वरको प्रेम र दयाको एक चित्रणलाई हेर्दा, दयाले उहाँको न्याय र पवित्रता प्रर्दशन गर्दछ । परमेश्वरले कसैलाई अन्यायपूर्ण न्याय गर्नुहुन्न, न त उहाँले कसैलाई आफ्नो उपस्थितिमा अन्यायपूर्ण रुपमा अनुमति दिनुहुन्छ । हामी सबैजना न्यायको लागि छानिएका **छौं**, यसकारण परमेश्वर उहाँका सबै कार्यहरुमा न्यायी हुनुहुन्छ । हामी यो पनि विश्वास गर्दछौं कि ईश्वरको अनन्त न्याय नै इतिहासभरि दुष्टताद्धारा गरिएका धेरै घोर गल्तीहरुका लागि उहाँको अनन्त न्याय हो । पछिल्लो जीवनमा हुने न्यायले यस जीवनलाई अर्थहीन बनाउँछ, र हामीले यस संसारमा देख्ने हिंसा र अपराधलाई महत्वहीन बनाउँछ । यसकारण, हामी विश्वास गर्दछौं कि परमेश्वरलाई साँच्चै न्यायकर्ता हुनुहुन्छ जहाँ पापको दण्ड मृत्यु हो, उहाँले आफ्ना मानिसहरुलाई दिनुभएको व्यवस्था अनुसार तिर्नुपर्नेछ । त्यसकारण, यो सत्य हो कि, *"सबैले पाप गरेका छन् र परमेश्वरको महिमा सम्म पुग्नबाट चुकेका छन्"* (**रोमी ३:२३**), हामी *"खीष्ट येशूमा भएको छुटकाराद्धारा उहाँको अनुग्रहद्धारा (सित्तैको) वरदानको रुपमा धर्मी ठहरिएका छौं, जसलाई परमेश्वरले विश्वासद्धारा उहाँको रगतमा प्रायश्चितको रुपमा सार्वजनिक रुपमा देखाउनु भयो"* (**रोमी ५:१५-१७**), जुन *"परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरुलाई उहाँले वास्ता गर्नुभएको थिएन"* (**रोमी ३:२५**) ।

त्यसैगरि पापी मानवतालाई बचाउनको लागि खीष्टका कार्यहरुमा परमेश्वर पूर्ण न्यायोचित हुनुहुन्छ, साथै, हाम्रो अपराधको लागि पर्याप्त मुक्तिको एकमात्र मार्गलाई अस्वीकार गर्दा तिनीहरुको पापको लागि न्याय गर्नुहुन्छ । त्यसैकारण, खीष्ट *"उहाँमाथि विश्वास गर्नेहरुका मुक्तिदाता हुनुहुन्छ"* (**१ तिमोथी** ४:१०) जसले क्रुसमा उहाँको कामलाई सबै मानिसहरुका लागि पर्याप्त बनाउनुभएको छ, विशेष गरि जसले यो उद्धारमय योजनामा विश्वास राख्छन् । परमेश्वर दुबै कृपालु र पवित्र हुनुहुन्छ, र उहाँमा कुनै ठट्टा हुदैन ।

हामी विश्वास गर्दछौं कि खीष्टले हाम्रो पापको ज्याला मात्रा तिर्नुभएन, तर *"किनकी हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रो खातिर पाप बनाउनुभयो"* । त्यसोभए हाम्रो

धार्मिकता उहाँको हो, हाम्रो हाईन, जसलाई पवित्र र धर्मि परमेश्वरको अघि उहाँमा सिद्ध विश्वास गर्नेहरुलाई दिनुहुन्छ । जसै हामी परमेश्वर कति पवित्र र हाम्रो पाप कति ठुलो छ भनि महसुस गर्न शुरु गर्छौं, क्रुस हाम्रो जीवनमा महान हुन आउँदछ, र हाम्रो वरपरका मानिसहरुसँग अनुग्रहले भरिएको जीवन बाँच्न सक्दछौं । हामी परमेश्वरको प्रेमको कारण अरुलाई प्रेम गर्न र परमेश्वरले उहाँको महिमाको निम्ति दिनु भएको मिलापको सेवा शुरुवात गर्न प्रेरित हुन्छौं (**मत्ती २२:३७-३९; २ कोरिन्थी ५:१७-२१**) । यसले हामीलाई पश्चातापको मानिस हुन अनुमति दिँदछ किनकी हामीले पापलाई घृणा गर्दछौं, हामीले दोषी महसुस वा परमेश्वरलाई हाम्रो निम्ति केहि गर्नमा उत्प्रेरित गर्ने प्रयास स्वरुप होईन, तर हाम्रो लागि उहाँको महान प्रेमको कारणले हो (**यूहन्ना ३:१६; रोमी ५:८; १ यूहन्ना ४:८-११**) । जब हामी अनुग्रहमा बाचिरहेका हुन्छौं, हामीले *"मृत (असल) काम"* (**हिब्रु ६:१**) हाम्रो खराब कामको पश्चाताप गर्न आवश्यक छ भनि महसुस गर्छौं, र हामीले गर्ने अनावश्यक कामहरु पाप हुनु पर्छ भन्ने होईन, तर हृदयको प्रतिबिम्ब हो जसले परमेश्वरलाई धार्मिक भक्ति सहित विभिन्न तरिकाहरुमा अस्वीकार गर्दछ, जुन, छुटकारामय हृदय बिना, एक स्वंयम धर्मि हृदय वा तीतो हृदय बनाउन सक्छ (येशू बिना धर्मको परिणाम) । धार्मिक विचारले हाम्रा कामहरुद्धारा पापलाई बाह्य र समाधानहरु आन्तरिक हुन् भनि निरन्तर विचार गर्दछन्, जबकि पाप आन्तरिक र समाधान बाह्य (येशू), र हाम्रो मन्जुरी उहाँको काममा छ भनि सुसमाचारले देखाउँदछ, र त्यसकारण परिणाम स्वरुप हामीले हाम्रो काममा उहाँलाई महिमित पार्न सक्छौं । त्यसकारण *"जे मुखभित्र पस्तछ, त्यसले मानिसलाई अशुद्ध पार्दैन, तर जे मुखबाट बाहिर निस्कन्छ, त्यसैले मानिसलाई अशुद्ध पार्छ ... तर जुन कुराहरु मुखबाट बाहिर आउँछन्, ती हृदयबाट निस्कन्छन्, र तिनैले मानिसलाई अशुद्ध तुल्याउँछन् । किनकी हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झुटो गवाही र निन्दा बाहिर निस्कन्छन् यी कुराहरुले चाँहि मान्छेलाई अशुद्ध पार्छन्"* (**मत्ती १५:१०-२०**) । हाम्रो कार्यहरु अन्तत खराब हृदय स्थितीको लक्षण मात्र हुन्, जुन "अत्यन्तै दुष्ट, कसले जान्न सक्छ र" (**यर्मिया १७:९**) ? पवित्र आत्माको परिवर्तनकारी, पुर्नजन्म गर्ने शक्तिले मात्र ढुङ्गाको हृदयलाई परिवर्तन गर्न र यसलाई *"मासुको हृदय"* बनाउन सक्दछ (**इजकिएल ३६:२५-३०**) ।

तसर्थ, हामी विश्वास गर्दछौं कि परमेश्वरको कथा (बाईबल) ले परमेश्वरले दुष्टलाई सिद्ध र निष्पक्ष रुपमा न्याय गर्नु हुनेछ, र संसारलाई आफूसँग मिलापमा ल्याउने काम गर्दै हुनुहुन्छ भन्ने कुरा हामीलाई स्मरण गराउँदछ । यद्यपि न्यायको समयमा पनि, उहाँ *"दुष्टहरुको मृत्युमा खुशी हुनुहुन्न"* र सबैले *"पश्चाताप गरुन र बाँचुन"* भन्ने चाहानुहुन्छ (**इजकिएल १८:३२; २ पत्रुस ३:९**) । उहाँले छुटकाराको काम उहाँको उद्येश्य र उहाँको आफ्नै महिमाको लागि मानिसहरुलाई उहाँमा बोलाउनु भएर देखिने रुपमा शुरु गर्नुभयो । ती मानिसहरु *"जातिहरुको लागि आशिष"* (**उत्पत्ति १२:१-४**) हुनका लागि थिए र उहाँका छुटकारा गरिएका जनहरुले *"फल्दै फुल्दै र वृद्धि"* हुने कामलाई अनिवार्य गर्नेछन् र सारा संसारमा उहाँको महिमा प्रकट गर्नेछन् । त्यसैगरि सारा जातिको पिता, र परमेश्वरमा मात्र हाम्रो मुक्ति छ भन्ने कुरा सुनिश्चित गर्न उहाँले अब्राहमलाई बोलाउनुभयो । मानवजातिको लागि परमेश्वरको करुणाको बावजुद पनि, मानिसहरुले उहाँलाई इन्कार र उहाँको आज्ञाहरु निरन्तर उल्लङ्घन गरिरहे, तिनीहरु आफैलाई परमेश्वरको सार्वभौमिक शासनमा भन्दा पनि संसारिक शासनको अधिनमा बस्नको लागि रोए । मानिसले उसको विद्रोहीको हृदयको परिणाम निरन्तर देखाईरहे, र परमेश्वरको महिमा र उहाँको महिमाको साक्षी हुने काममा असफल भए (**न्यायकर्ता; रोमी ३:२३**) । मानिसको निरन्तर विद्रोह र आफूलाई बचाउने इच्छाको कारण, परमेश्वरले अब्राहम, उनको वंश र अगमवक्ताहरुलाई देखाउनुभयो कि हाम्रो पापको ज्याला पूर्ण रुपमा तिर्नको लागि एउटा बलिदानको आवश्यकता छ, र पशुहरुको बलिदान (प्रदर्शनात्मक) ले हाम्रो पापको ज्याला पूर्ण रुपमा तिर्न सक्दैन, तर एउटा अन्तिम बलिदान जसले हाम्रो पाप र शर्मलाई सदाको लागि नष्ट गर्नेछन् (**यूहन्ना १: २९-३६**), र बलिदान र कर्तव्यको धार्मिक कार्यद्धारा नभई आज्ञाकारीताको कारण नवीकरणमय गरिएको हृदय भएको बलिदानबाट हुनेछ, किनकि *"आज्ञापालन बलिदान भन्दा उत्तम"* हो (**१**

**शमूएल १५:२२**) । परमेश्वरको मुख्य कार्य भनेको उहाँको पुत्रलाई अन्तिम बलिदान हुनको लागि संसारमा पठाउनु थियो, जसले  एकपटक र सबैकालागि, आफै शरीरमा मृतकहरुबाट जीवित भई, र पवित्र आत्माको शक्तिद्धारा पाप र मृत्युलाई हराउनुहुनेछ, र *"हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिईएको छैन"* (**प्रेरित ४:१२**), उहाँमा मात्र छ भनि बताउनुहुन्छ । त्यसैगरि, पुनरुत्थानको कारण, स्वर्ग जान अब धेरै मार्गहरु छैनन् भनि हामी विश्वास गर्छौं, तर येशू नै *"बाटो सत्य र जीवन हुनुहुन्छ, उहाँद्धारा मात्र पितालाई देख्न सक्दछौं"* (**यूहन्ना १४:६**) । सबै मार्गहरुले ईश्वर सम्म पुऱ्याउँछन् भन्ने हाम्रो विचार आफैमा एक धार्मिक विवरण हो जुन दुबै तर्क र धर्मशास्त्रिय प्रकाशको नियमसँग सैद्धान्तिक र विविधमय छन् । यो विश्वव्यापी दृष्टिकोण पश्चिमी मुलुकमा आफ्नै पृष्ठभुमि छ भने अन्य ठाउँहरुको लागि समस्याको विषय पनि भएको छ । कुनै पनि मानविय संघ संस्थाहरुले यस पृथ्वीमा परमेश्वरको पूर्ण प्रतिनिधित्व गर्न सकेका छैनन्, तर येशूले उहाँको मण्डलीलाई "नयाँ यरुशलेम" हुन बोलाउनुभयो र उहाँको दुलहीलाई उहाँको मिशन यस संसारमा पूरा गर्न उहाँ सँगै हिड्न बोलाउनुभयो (**यूहन्ना १०:१६; एफिसी ५:२९-३१; रोमी ९:६०**) । त्यसकारण हामी सुसमाचारको शक्तिद्धारा मात्र बचाईएका छैनौ, तर सुसमाचारको "उद्येश्य" को लागि पनि बचाईएका छौं, जुन पृथ्वीमा परमेश्वरको मिशनको हो (**एफिसी १:१०-११; यूहन्ना २०:२१**) । त्यसैकारण मण्डली "एक्लीसिया" भनेको परमेश्वरले अरु जातिहरुको लागि आशिष र *"यरुशलेम, यहूदीया, सामारीया र संसारको पल्लो छेउसम्म"* (**प्रेरित १:८**) साक्षी हुनलाई बोलाइएका र छुटकारा पाएका मिशनरीहरु हुन् । जहाँ सुसमाचार चाँहि परमेश्वरको आफ्नै महिमाको लागि छुटकारा दिनको निम्ति मानव संस्कृतिमा उहाँको प्रवेश हो, र मण्डलीलाई यसमा भाग लिन बोलाईएको छ, जसै हामी सुसमाचारको घोषणा गर्दछौं र परमेश्वरको महिमाको लागि यसलाई पालना गर्दछौं । परमेश्वरले जे शुरु गर्नुभयो र देख्नुभयो त्यो "असल" थियो, उहाँले यसलाई छुटकारा दिदैहुनुहुन्छ, र ख्रीष्टको दोस्रो आगमनमा सारा सृष्टिलाई पूर्ण छुटकारा दिनुहुनेछ र *"स्वर्गबाट तलतिर झरिरहेको, दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, एउटा पवित्र शहर र नयाँ यशरुशलेम"* प्रस्तुत गर्नुहुनेछ (**प्रकाश १९:७-८; २१:२**) र उहाँको इच्छा *"स्वर्गमा जस्तो छ त्यस्तै यस पृथ्वीमा पूरा हुनेछ"* (**मत्ती ६:१०**) ।

येशू फेरि आउनुहुनेछ र उहाँले क्रुसमा शुरु गर्नु भएको काम, मृतकहरुबाट पुनरुत्थान र मण्डली स्थापना, पूरा गर्नुहुनेछ भनि हामी विश्वास गर्छौं, जहाँ उहाँमा विश्वास गर्ने सबै मानिसहरुले आफ्नो मुक्तिको लागि उहाँमा विश्वास गर्नेछन्, असल र दुष्टकामको लागि पश्चाताप गर्नेछन्, र उहाँमात्र मुक्तिदाता हुनुहुन्छ भनि चिन्नेछन्, र उहाँले अन्तत दुष्टलाई नष्ट गरेर *"जीवित र मृतकहरु"* को न्याय गर्नुहुनेछ, र नयाँ स्वर्ग र नयाँ पृथ्वी जुन पूर्ण छुटकारा पाएको, विना दुष्टता, र परमेश्वरको उपस्थिति र उहाँको शासन भएको स्थानमा प्रवेश गर्नुहुनेछ ।

यस बीचमा मण्डली उहाँको आफ्नै महिमाको लागि परमेश्वरका बोलाईएका मानिसहरुको रुपमा अवस्थित हुदँछ ।*"ताकि यसरी मण्डलीद्धारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरुमा शासकहरु र अख्तियारवालाहरुका माझमा प्रकट गरियोस्"* (**एफिसी ३:१०**) हामीले भनेका पाउँदछौं । परमेश्वरको मानिसहरु जुन मण्डली भनी हामी भन्छौं, टुटेकाहरु, शत्रुहरु र घृणा गर्नेहरुलाई परमेश्वरको पुनर्स्थापनाको संसारमा उहाँका साक्षीहरु हुनलाई बोलाउनुभएको छ । जब मण्डलीले परमेश्वरको प्रतिनिधित्व गर्दछ तब परमेश्वरको महिमा हुदँछ, त्यसकारण मानिस र परमेश्वर, र मानिस र मानिस बीचको शत्रुपूर्णको विभाजनको पर्खाल भत्किएको छ । जातिवाद, घृणा, न्याय, अलग अलग आराधना सेवाहरु पापको फल हो, परमेश्वरको आत्माको फल होईन ( **एफिसी २:१०-३:१०; गलाती २:१४; प्रकाश ५:७-९; ९:७**) । मण्डली र भेडाको रेखदेख गर्न, अर्ति दिन, र सेवा दिन उहाँको मण्डली डिकन र एल्डरहरुद्धारा शासन गरिएको हुन्छ (**१ तिमोथी ३; तितस १; प्रेरित १४:२३; २०:१७-२८**) ।

हामी उहाँको मिशन र महिमाको लागि बाँच्नको लागि अस्तित्वमा छौं (**मत्ती २८:१९-२०; प्रेरित १:८; १ पत्रुस २:९**)। मण्डली हाम्रो प्रभु येशू ख्रीष्टको पुनरागमन नभएसम्म परमेश्वरको कथा घोषणा गर्न विचमा खडा छौं, जब हामी सबैले *महिमित* शरीर धारणा गर्नेछौं, ख्रीष्टको आराधना गर्न उहाँमा अनन्त जीवन विताउनेछौं किनकी हामी उहाँको आराधना गर्न र हाम्रो आनन्द उहाँमा भेट्टाउनको निम्ति सृष्टि गरिएका हौं। त्यसकारण *"मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो"* (**फिलिप्पी १:२१**)। मृत्युमा, हामीले यस संसारमा हामीले प्रयास गरिरको अन्तिम आनन्द प्राप्त गर्छौं। यो आनन्दमा मण्डलीले महिमा गर्नेछ, किनकी यसले पूर्ण रुपमा परमेश्वरको आराधना गर्दछ। हामीलाई यो जीवनमा दिईएको "असल" कुराहरुमा हामीले पाउने आनन्द हामी यो संसारमा व्यक्त गर्दछौं, तर हामीले हाम्रो आशा र अन्तिम आनन्द यी असल कुराहरुमा नभई *ख्रीष्टमा* मात्र पाउँदछौं, र हामीले यसलाई अनन्तकाल सम्म महसुस गर्नेछौं। त्यो भन्दा पहिले, हामी भत्किएको संसारमा टुटेका मानिसको रुपमा जिउनको लागि हामीलाई परमेश्वरको अनुग्रह भुक्तानी र स्मरणको रुपमा उहाँको आत्माद्धारा *छुटकारा पाउनको लागि हामीलाई उत्तराधिकारको प्रतिज्ञा* दिनुभएको छ (**एफिसी १:१३-१४**)।

यसकारण हामीले *"एकमात्र सत्य परमेश्वरलाई चिन्नु, र परमेश्वरले पठाउनुभएको येशू ख्रीष्टलाई चिन्नु"* (**यूहन्ना १७:३**), र हामी यस जीवनमा आशा राख्छौं कि ख्रीष्ट फेरि आउनुहुनेछ र मण्डली सँगै शासन गर्नुहुनेछ, र उहाँको मानिसहरुको आराधनामा रमाउनुहुनेछ जसले सबै सन्तोषजनक आराधनाद्धारा उहाँलाई महिमा दिँदछ भनि हामीले विश्वास गर्नु नै अनन्त जीवन हो। हामी हाम्रो प्रभुको दोस्रो आगमनलाई पनि विश्वास गर्दछौं, जसले दुष्टता, मृत्यु र पापलाई पूर्ण रुपमा मेटाउनुहुनेछ र अनन्तकाल सम्मको लागि नयाँ स्वर्ग र नयाँ पृथ्वीमा उहाँका मानिसहरुसँग शासन गर्नुहुनेछ। त्यसैगरि, हामी विश्वास गर्दछौं कि ख्रीष्टको दोस्रो आगमन बारेको योजना र समय सर्न्दभका तर्कहरु फलरहित छन्, र हाम्रो आशिषहरु भविष्यमा पाउँछौं भन्दा पनि गुणात्मक हुन्छन् भनि थाहा पाउन सकेका छैनौं। ख्रीष्ट नै पुरस्कार हुनुहुन्छ र अरु कुनै उपहारहरुले येशू ख्रीष्टको क्रुस मार्फत परमेश्वरसँगको आराधना सम्बन्धको मूल्य र उद्येश्य हडप्न सक्दैन।

हामी यो पनि विश्वास गर्दछौं कि सबै होईन तर धेरै जसौ प्रतिज्ञाहरु ख्रीष्टको पहिलो आगमनमा पुरा भईसकेको छ, र अरु उहाँको आषिशहरु जस्तै पापरहित जीवन, पूर्ण चङ्गाई र छुटकारा, आशु रहित, इत्यादि ख्रीष्टको दोस्रो आगमन नभएसम्म पुरा हुनेछैनन्। यसैकारण हामी "पहिले नै/अहिले सम्म छैन" भन्ने भविष्यवक्ताहरुको विचारलाई लिन्छौं, जसको अर्थ हामी "ख्रीष्टमा" सिद्ध भएका छौं, तर यो सिद्धता तब मात्र प्रकट हुनेछ जब हामी अन्ततः युगको अन्त्यमा महिमित हुन्छौं (**१ थेसालोनिकि ४:१३-५:११; १ कोरिन्थी १५**)।

त्यतिन्जेलसम्म, हामी अझै ऐनामा धमिलोसँग देख्छौं (**१ कोरिन्थी १३:१२**), तर परमेश्वरको प्रकट गरिएको वचनमा मनन गर्दा अर्न्तदृष्टि निरन्तर प्राप्त गर्छौं, जुन *"सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई"* लाभदायक छ (**२ तिमोथी ३:१५; रोमी १२:२**)। परमेश्वरले मण्डलीलाई अनुग्रहका वरदानहरु र व्यक्तिहरु पनि प्रदान गर्नु भएको छ जसले हामीलाई एकता र येशूको ज्ञानमा बढ्न र उहाँको महिमामा बाँच्न मद्धत गर्दछ (**एफिसी ४:११-१३; १ कोरिन्थी १२-१४; रोमी १२:३-९**)।

साथै, परमेश्वरले उहाँको उद्येश्यको लागि र उहाँको समयमा चाहानु हुने कुनै पनि उपहार प्रयोग गर्न सक्षम हुनुहुन्छ र उहाँ हरेक सिद्ध उपहार दिन तयार हुनुहुन्छ र हामीलाई प्रशस्त आशिष दिन सक्षम हुनुहुन्छ (**याकूब १:१७**) भनि हामी विश्वास गरेतापनि, हामी "समृद्धि सुसमाचार" लाई आंशिक सत्यको रुपमा स्वीकार्छौं, जुन पाखण्डीपना, तितोपना/स्वंयम धर्मिपनामा समाप्त हुन्छ। यसले हाम्रो आखाँलाई पुरस्कारको लागि तेंसो दिशातर्फ खतरनाक रुपमा फर्काउँछ, र हाम्रो खुशी, स्वास्थ्य र धनसम्पत्तिको कमिको दोष परमेश्वर नै हुनुहुन्छ भन्ने विचारलाई उत्तेजित गराउँछ, र धर्मशास्त्रले परमेश्वरलाई भेट्टाउँछ र तब हामीले सिद्ध तरिकाले उहाँलाई आमने सामने देख्छौं। मानिस टुटेको छ, र आनन्द र निको पार्ने एकमात्र स्रोत परमेश्वर नै हुनुहुन्छ जुन अहिले र

अनन्तकालसम्म सधैंभरि रहनेछ । हामीलाई येशूले भन्नुभएको छ कि यस जीवनमा हामीले *सङ्कष्ट* को अनुभव गर्नेछौं, तर उहाँमा हामीले शान्ति पाउनेछौं (**यूहन्ना १६:३३**), र कुनै पनि शिक्षा जसमा दु:खको सिद्धान्त समावेश छैन भने त्यो बाईबलीय सत्य होईन, र पृथ्वीमा मानवीय अनुभवको सम्पूर्ण शिक्षा सिकाउन असफल हुन्छौं । परमेश्वरलाई चिनेर मात्र पनि यस पृथ्वीमा हाम्रा दु:ख कष्टहरु हटेर जादैन, तर यसले हामीलाई देखाउँदछ कि हाम्रा मुक्तिदाता हाम्रो दु:ख र कष्टमय यात्राहरु सहभागी हुनुहुन्छ, र अहिले हामी यसबाट भएर जादाँ उहाँ हामीसँग हुनुहुन्छ (**भजनसंग्रह २३:४**) । यसले हामीलाई यो पनि सिकाउँदछ कि खीष्टमा हाम्रो ठुलो भविष्यको आशा छ, जसले हामी यस जीवनमा भोगिरहेको पीडाहरुलाई कम गर्दछ (**१ कोरिन्थी ४:७-१८**) ।

## येशू खीष्टले मेरो जीवन मार्गनिर्देशन गर्नको लागि मैले के के गर्नु पर्छ ?

**(यूहन्ना ३:१६; प्रेरित २:३७-३८; १६:३०-३१; रोमी ३:२३; ६:२३; १०:८-१५; एफिसी २:८-९; हिब्रु ११:६)**

*"येशूले हामीले बाँच्न नसक्ने जीवन जीउनुभयो*

*र हामीले मर्नु पर्ने मृत्यु मर्नुभयो"*

*लेक्राई*

---

यद्यपि हामी वास्तवमै परमेश्वरको अनुग्रहद्धारा बचाइएका छौं, र खीष्टले हाम्रो पापको ज्याला क्रुसमा तिर्नुभएको छ, र मुक्ति प्राप्त गर्न हामीले "गर्नु पर्ने काम" केहि नभएतापनि, धर्मशास्त्र स्पष्ट छ कि हामीले हाम्रो आफ्नै बचाउने संयन्त्रमा भन्दा पनि उहाँ हाम्रो मुक्तिदाता हुनुहुन्छ भनि *विश्वास* (जसको अर्थ भरोसा) गर्नु हाम्रो दायित्व हो, र यसलाई बप्तिष्मा र स्वीकारद्धारा बाहिरी प्रकटिकरण गर्नु पर्छ भनि धर्मशास्त्रले स्पष्ट बताउँदछ । **रोमी ६:२३** ले भन्दछ, *"किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।"*

यो प्रकृया **पश्चाताप** (हामी पापी हौ भनि स्वीकार गर्नु) बाट शुरु हुँदछ । धेरै मानिसहरु यसो गर्नबाट चुक्तछन् किनकि तिनीहरुले "खराब" जीवन जिएका छन् भनि महसुस गर्दैनन्, तर पाप भनेको हामीले के गर्छौं मात्र नभई हाम्रो हृदयको केन्द्रमा हामी को हौं भन्ने कुरालाई बुझाउँछ । हामीले परमेश्वरको मार्गलाई अटेरी गरेका छौं भनि स्वीकार नगरेसम्म हामी उहाँकहाँ आउन सक्दैनौं । हामी परमेश्वरबाट धेरै टाढा भएका छौं, उहाँमा जाने बाटो छैन, तर पहिले येशू मार्फत, हामी पापी छौं र मुक्तिको आवश्यकता छ भनी स्वीकार गरेर उहाँकहाँ आउन सक्छौं । हामीले हाम्रा धार्मिक असल कामहरु, साथै हाम्रा विद्रोही कार्यहरुबाट पश्चाताप गर्न आवश्यक छ भनी पहिचान गर्ने कुरा महत्वपूर्ण छ ।

हाम्रो पापहरु स्वीकार गरेपछि, हामीले **विश्वास** गर्नु पर्छ कि खीष्ट जो हुनुहुन्छ र जसले हाम्रो पापको ज्याला तिर्नुभएको छ । *विश्वास* परमेश्वरको उपहार हो जसले हाम्रो जीवनमा उहाँको बचाउने अनुग्रह सक्रिय गर्दछ । यहि विश्वासले गर्दा हामीले परमेश्वरलाई प्रशन्न तुल्याउँछौं ।

त्यसपछि हामीले उहाँ नै हाम्रो जीवनको प्रभु हुनुहुन्छ भनि स्वीकार गरि आज्ञाकारीता स्वरुप **बप्तिष्मा** लिनुपर्छ । बप्तिष्माले हामीलाई बचाउदैन, तर बप्तिष्मा लिन हामीलाई आज्ञा दिईएको छ, किनकि बप्तिष्मा हाम्रो जीवनमा प्रभु येशूमा गरेको विश्वास प्रतिको बाहिरी प्रकटिकरण र चिन्ह हो । बप्तिष्मामा हामीले **पवित्र आत्मा** पाउँदछौं

जसले हामीलाई हाम्रो पापको खातिर ख्रीष्ट बिना बाँच्न नसक्ने जीवन जिउनको लागि शक्ति दिनुहुन्छ, र आत्माले हामीलाई त्यसो गर्न शक्ति दिनुहुन्छ।